# कमलामाई नगरपालिका
# नगर कार्यपालिका कार्यालय
# सिन्धुली

**प्रथम पटक प्रकाशित मिति २०७५/०१/१४**

## सुपरिवेक्षक, संकलक /गणक पदमा सिमित अवधिको लागि भर्ना गर्ने सूचना

कमलामाई नगरपालिका नगर कार्यपालिका सिन्धुलीको नगर प्रोफाईल तयार गर्नको लागि नगरपालिकाका सबै वडाहरुका घरधुरीमा गई स्थलगत रुपमा तथ्याङ्क विवरण संकलन गर्न सुपरिवेक्षक, र तथ्याङ्क संकलक/गणक पदमा सिमित अवधिको लागि छनौट गरि भर्ना गर्नुपर्ने भएकाले तपशिल बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचनामा उल्लेखित मितिबाट ७ (सात) दिन भित्र दरखास्त आव्हान गरिन्छ ।

**तपसिलः**

(१) **पदः** सुपरिवेक्षक
(२) **माग पद संख्याः** ५ (पाँच) जना
(३) **काम गर्नुपर्ने स्थानः** कमलामाई नगरपालिकाको विभिन्न वडा तथा बस्तिमा
(४) **सेवा अवधिः** २०७५/१/२६ गते देखि बढिमा २०७५/०३/०८ सम्म (१ महिना १५ दिन)
(५) **आवश्यक न्युनतम योग्यताः**
(क) **उमेरको हदः** दरखास्त बुझाउनु पर्ने अन्तिम दिन सम्म १८( अठार) बर्ष पुरा भई ४०(चालीस)वर्ष ननाघेको ।
(ख) **शैक्षिक योग्यताः** स्नातक तह वा सो सरह (गणित वा अर्थशास्त्र वा जनसंख्या शास्त्र विषय लिई ) उत्तीर्ण गरेको
(६) **तलव सुबिधाः** मासिक पारश्रिमिक रु.२३,०००।- (तेईस हजार) (भ्रमण खर्च फिल्ड भत्ता, भ्रमण भत्ता लगायत अन्य भत्ता नपाइने)
(७) **दरखास्त दस्तुर** रु.३००।-(तीन सय )(कमलामाई नगरपालिका राजश्व शाखामा बुझाई नगदि रसिद दरखास्त साथ संलग्न हुनु पर्नेछ ।

(१) **पदः** तथ्याङ्क संकलक/गणक : (२.) **अवश्यक संख्याः** केहि
(३) **काम गर्नुपर्ने स्थान :** कमलामाई नगरपालिकाको विभिन्न वडा तथा बस्तिमा
(४) **सेवा अवधिः** २०७५/१/२६ गते दखि २०७५/०३/०८ सम्म (१ महिना १५ दिन)
(५) **आवश्यक न्युनतम योग्यताः**
(क) **उमेरको हदः** दरखास्त बुझाउनु पर्ने अन्तिम दिन सम्म १८ (अठार) बर्ष पुरा भई ४०(चालीस) वर्ष ननाघेको ।
(ख) **शैक्षिक योग्यता :** प्रविणता प्रमाण पत्र तह / दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको ।
(६) **तलव सुबिधाः** मासिक पारश्रिमिक रु.२०,०००।- (वीस हजार) (भ्रमण खर्च फिल्ड भत्ता, भ्रमण भत्ता लगायत अन्य भत्ता नपाइने)
(७) **दरखास्त दस्तुर** रु.२००।- ( दुई सय) (कमलामाई नगरपालिका राजश्व शाखामा बुझाई नगदि रसिद दरखास्त साथ संलग्न हुनु पर्नेछ ।)

(क) माग गरिएका दुवै पदले गणना कार्यमा संलग्न हुँदा नगरपालिका क्षेत्रका विभिन्न स्थानमा हिडडुल गर्नु पर्ने भएकाले सहजरुपमा हिडडुल गर्न सक्ने शारिरिकरुपले तन्दुरुस्त हुनु पर्ने छ ।
(ख) माग गरिएका दुवै पदले घरधुरीमा गई गणना कार्य अन्तवारर्ता विधिबाट गरिने हुँदा नेपाली भाषामा स्पष्ट वार्तालाप गर्न सक्ने एवं नेपाली तथा अंग्रेजी दुबै भाषामा लेख्न सक्ने ।
(ग) माग गरिएका दुवै पदका लागि कमलामाई नगर पालिकाका स्थानीयबासीलाई विषेश प्राथमिकता दिईने छ ।
(घ) **माग गरिएका दुवै पदका लागि दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः** शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, लब्धाँक पत्रको प्रतिलिपि, नेपाली नागरिकाताको प्रतिलिपि, उम्मेदबार स्वयमले प्रमाणित गरि पेश गर्नु पर्नेछ ।
(ङ) छनौट समितिले आवश्यक ठानेमा उम्मेदवारहरुको संक्षिप्त सूचि (Short List)प्रकाशीत गर्न सक्ने छ ।
(च) **दरखास्त दिने स्थान :** कमलामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सिन्धुली
(छ) **माग गरिएको पदको उम्मेदबारको छनौट बिधि :** अन्तरवार्ता (दुवै पदका लागि) (सम्पर्क मितिमा परिक्षा मिति र स्थान जानकारी गराईने)
(ज) **दरखास्त दिने अन्तिम मितिः** २०७५/१/२० गते ( दरखास्त फारम कमलामाई नगरपालिका कर्मचारी प्रशासन शाखाबाट उपलब्ध हुने )
(झ) **दुवै पदका लागि सम्पर्क मितिः** २०७५/१/२१ गते ( दुबै पदका लागि)

प्रमुख प्रशासकिय अधिकृत